# प्रस्तावमा आधारित नयाँ तथा संचालनमा आएका प्राविधिक तथा बहुप्राविधिक शिक्षालयहरुलाई सहयोग निर्देशिका, २०७६

प्रदेश सरकार

प्रदेश नं. ५

सामाजिक विकास मन्त्रालय

बुटवल, नेपाल।

**नयाँ तथा संचालनमा आएका प्राविधिक तथा बहुप्राविधिक शिक्षालयहरुलाई सहयोग निर्देशिका, २०७६**

मानननीय मन्त्रीज्यूबाट स्वीकृत मितिः २०७६/०९/१३

**प्रस्तावनाः** नयाँ तथा संचालनमा आएका प्राविधिक तथा बहुप्राविधिक शिक्षालयहरुलाई सहयोग कार्यक्रम राखी प्रदेशमा संचालित विद्यालयहरुलाई दिइने सहयोग कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले यो निर्देशिका जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "नयाँ तथा संचालनमा आएका प्राविधिक तथा बहुप्राविधिक शिक्षालयहरुलाई सहयोग निर्देशिका, २०७६" रहेको छ।

(२) यो निर्देशिका स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(३) यो निर्देशिका छनौट भएका प्राविधिक विद्यालयहरुको हकमा मात्र लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) "प्रदेश" भन्नाले प्रदेश नं. ५ लाई सम्झनु पर्दछ।

(ख) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ५ लाई सम्झनु पर्दछ।

(ग) "निर्देशनालय" भन्नाले प्रदेशको शिक्षा तथा सामाजिक विकास निर्देशनालय सम्झनु पर्दछ।

(घ) "समिति" भन्नाले दफा ७ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

(ङ) "प्राविधिक विद्यालय" भन्नाले आधिकारिक निकायबाट कक्षा ९ देखि १२ कक्षा सम्म प्राविधिक शिक्षा संचालन गर्ने अनुमति लिई कुनै वा सबै कक्षाहरु संचालन गरिरहेका र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट अनुमति प्राप्त माध्यमिक विद्यालय सम्झनु पर्दछ।

(च) "स्थानीय तह" भन्नाले प्रदेश नं. ५ भित्र पर्ने स्थानीय तहहरुलाई सम्झनु पर्दछ।

(छ) "प्रयोगशाला" भन्नाले न्यूनतम २ कोठा भएको विद्यार्थीहरुले सैद्धान्तिक ज्ञानको प्रयोगात्मक अभ्यास गर्ने स्थललाई सम्झनु पर्दछ।

३. **उद्देश्यः** यस निर्देशिकाको उद्देश्यहरु देहायबमोजिम रहेका छन्।

(क) प्राविधिक शिक्षाको गुणस्तर वृद्धि गर्ने,

(ख) सहयोग गर्नु पर्ने प्राविधिक शिक्षालयहरुको सूची तथा खर्च गर्ने क्षेत्रको पहिचान गर्ने।

४. **प्रस्ताव आव्ह्यवान सम्बन्धी व्यवस्थाः** (१) नयाँ तथा संचालनमा आएका प्राविधिक तथा बहुप्राविधिक शिक्षालयहरुलाई सहयोग प्रदान गर्नु भन्दा पहिले निर्देशनालयले यस्तो शिक्षा प्रदान गरिरहेका विद्यालयहरुबाट प्रस्ताव पेश गर्नका लागि कम्तीमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) विद्यालयले आफ्नो विद्यालयको अवस्था झल्कने गरी अनुसूची – १ बमोजिम प्रस्ताव पेश गर्नुपर्नेछ।

(३) उक्त प्रस्तावमा प्रस्तावित सहयोग रकमको आवश्यकता र कार्यान्वयनको औचित्यता प्रष्टसँग उल्लेख गरेको हुनुपर्नेछ।

५. **<u>सहयोग छनौटका आधारहरुः</u>** नयाँ तथा संचालनमा आएका प्राविधिक तथा बहुप्राविधिक शिक्षालयहरुलाई सहयोग छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्।

(क) प्राविधिक तहमा कक्षा ९ वा कक्षा ९ र १० वा कक्षा ९ देखि ११ र कक्षा ९ देखि कक्षा १२ सम्म संचालित विद्यालयहरु।

(ख) सीटीईभीटीबाट डिप्लोमा वा १८ महिने वा टेक्स्ट संचालन अनुमति लिएका विद्यालयहरु।

(ग) सहयोगको लागि छनौट गर्दा सामान्यतया आ.व. २०७५।७६ मा सामाजिक विकास मन्त्रालयवाट प्रदान गरिएको सहयोगको क्षेत्रमा सहयोग गरिने छैन।

(घ) शिक्षा विभाग वा अन्य तहबाट सहायता पाएका विद्यालयहरुलाई सोही शीर्षकमा सहयोग गरिने छैन।

(ङ) सहयोग प्रदान गर्दा सकेसम्म प्राविधिक शिक्षालयहरुको क्लष्टर बनाई एउटै क्लष्टरमा एउटै विषयको कार्यक्रमलाई सहयोग गरिनेछ।

(च) सहयोग वितरण गर्दा १२ वटै जिल्लामा वितरण गरिनेछ।

६. **<u>सहयोगका क्षेत्रहरुः</u>** (१) नयाँ तथा संचालनमा आएका प्राविधिक तथा बहुप्राविधिक शिक्षालयहरुलाई दिइने सहयोगका क्षेत्रहरु देहायबमोजिम रहनेछन्।

(क) प्रयोगशाला निर्माण गर्न लागत अनुमानको आधारमा बढीमा २५ लाख सम्म।

(ख) पठनपाठनमा प्रविधि (थ्री इन वन) पाठ्यपुस्तक ६ लाख सम्म।यसरी पाठ्यपुस्तक खरिद गर्दा पाठ्यक्रममा उल्लेखित पाठ्य सामग्री र सन्दर्भ सामग्री मात्र खरिद गर्नुपर्नेछ।

(ग) निर्देशनालयले उपलब्ध गराएको सूचीका आधारमा प्रयोगशाला सामग्रीहरु।

(घ) प्रयोगशाला मर्मत सम्भार तथा फर्निचर लागतको आधारमा ५ लाख सम्म।

(ङ) छात्राबास निर्माण लागतको आधारमा २५ लाख सम्म।

(२) उपदफा (१) मा गरिने सम्पूर्ण सहयोगमा विद्यालयको कम्तीमा १० प्रतिशत लागत सहभागिता हुनुपर्नेछ ।

७. **<u>छनौट तथा मूल्याङ्कन समितिः</u>** (१) यस निर्देशिका बमोजिम सहयोग रकम निर्धारण, विद्यालयको छनौट तथा मूल्याङ्कनको लागि देहाय बमोजिमको समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | निर्देशक, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | संयोजक |
| (ख) | अधिकृत प्रतिनिधि, सामाजिक विकास मन्त्रालय | सदस्य |
| (ग) | लेखा अधिकृत, शिक्षा तथा सामाजिक विकास निर्देशनालय | सदस्य |

(घ) अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय सदस्य

(ङ) प्राविधिक कर्मचारी, शिक्षा तथा सामाजिक विकास निर्देशनालय सदस्य

(च) उप निर्देशक, शिक्षा विकास निर्देशनालय सदस्य-सचिव

(२) समितिले आवश्यकतानुसार बैठकमा एक पटकमा बढीमा २ जना अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ।

(३) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

८. **समितिको काम कर्तव्य र अधिकार**ः समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन्।

(क) नयाँ तथा संचालनमा आएका प्राविधिक तथा बहुप्राविधिक शिक्षालयहरुलाई सहयोग कार्यक्रमका लागि विद्यालयहरुबाट परेका आवेदन उपर मूल्याङ्कन गरी दफा ५ बमोजिमका आधारमा अनुदान निर्धारण गर्ने।

(ख) कार्यक्रम संचालनमा अनुगमन मूल्याङ्कन गर्ने वा गर्न लगाउने।

९. **शर्त सम्बन्धी व्यवस्थाः** (१) सहयोग रकम प्राप्त गर्ने विद्यालयले प्रस्तावमा उल्लेखित क्षेत्रहरुमा मात्र सहयोग रकम खर्च गर्नुपर्नेछ।

(२) खर्च गर्दा प्रचलित कानूनको परिधिमा रही खर्च गर्नुपर्नेछ।

(३) विद्यालयले नियमित रुपमा सामाजिक परीक्षण तथा लेखापरीक्षण गराएको हुनुपर्नेछ।

(४) विद्यालयमा प्रचलित कानून बमोजिम विद्यालय व्यवस्थापन समिति गठन भएको हुनुपर्दछ।

(५) कार्यक्रम कार्यान्वयन सन्दर्भमा हुने प्रगतिका आधारमा सहयोग रकम दुई वा तीन किस्तामा निकासा गरिनेछ ।

(६) विद्यालयले आफ्नो तर्फबाट खर्च गर्ने कम्तीमा १० प्रतिशत रकमको स्पष्ट प्रमाण पेश गर्नुपर्नेछ।

१०. **प्रचलित कानून बमोजिम हुनेः** यस निर्देशिकामा उल्लेखित भएको विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

११. **सार्वजनिक परीक्षणः** कार्यक्रम सम्पन्न भएपछि सरोकारवाला भेला गराई कार्यक्रमको नतिजा, प्रक्रिया तथा आम्दानी खर्चको बारेमा सार्वजनिक परीक्षण गर्नुपर्नेछ।

१२. **कार्यक्रम संचालनः** कार्यक्रम संचालन गर्दा प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ का प्रावधानलाई समेत पालना गर्नुपर्नेछ।

१३. **संशोधनः** मन्त्रालयले आवश्यकतानुसार यो निर्देशिका संशोधन गर्न सक्नेछ।

## अनुसूची - १

श्री शिक्षा तथा सामाजिक विकास निर्देशनालय

प्रदेश नं. ५, बुटवल, नेपाल।

विषयः **प्रस्ताव पेश गरेको बारे।**

प्रस्तुत विषयमा त्यस निर्देशनालयको मिति २०७६। । । को सूचना अनुसार तपसिल बमोजिमको विवरण सहित नयाँ तथा संचालनमा आएका प्राविधिक तथा बहुप्राविधिक शिक्षालयहरुलाई सहयोग कार्यक्रमका लागि प्रस्ताव पेश गर्दछु।

<u>तपसिल</u>

(क) विद्यालय विवरण

विद्यालयको नामः फोन नं.

ठेगानाः

ईमेलः

अनुमति लिएको तह तथा निकायः मितिः

(ख) विद्यार्थी विवरणः

(ग) विद्यालयको विशिष्टताः

(घ) सहयोग माग गरेको क्षेत्रः लागत अनुमान समेत।

(ङ) विद्यार्थीहरुलाई हुने सहयोग तथा फाइदाः

(च) विद्यालयले बेहोर्ने रकमः

(छ) अन्य केही भएः